REGIONAL NEWS
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS
18:40 hrs. 14.01.2026

1.राज्यपाल/मुख्यमन्त्री माघे संक्रान्तिको उपलक्ष्यमा शुभकामना

सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरले माघे संक्रान्तिको पावन अवसरमा सम्पूर्ण राज्यवासी हरूलाई हार्दिक शुभकामना एवं बधाई व्यक्त गर्नुभएको छ।

आफ्नो सन्देशमा राज्यपालले भन्नुभयो "माघे संक्रान्ति सूर्यको उत्तरायण यात्राको प्रतीक हो, जसले मानव जीवनमा नयाँ ऊर्जा, आशा, समृद्धि र सकारात्मकताको सञ्चार गराउँछ।" उहाँले भन्नुभयो, "यो पर्वले विभिन्न समुदायहरूलाई आ-आफ्नो मौलिक परम्परा र आस्थाका माध्यमबाट एकताको सूत्रमा बाँध्ने कार्य गर्दछ। यसले हाम्रो सामाजिक सद्भाव, भ्रातृत्व र राष्ट्रिय एकताको भावनालाई थप मजबुत बनाउँछ।" विविधताले भरिएको हाम्रो समाजमा हामी सबै एउटै सूर्यको प्रकाशबाट आलोकित भइरहेको कुरामा पनि उहाँले जोड दिनुभयो।

यस अवसरमा सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामङले माघे संक्रान्ति पर्वको शुभ अवसरमा राज्यका सम्पूर्ण जनतामा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

आफ्नो सन्देशमा मुख्यमन्त्रीले देशभरि नै मकर संक्रान्तिको रूपमा मनाइने यो पवित्र पर्वले नयाँ खेतीपातीको चक्रको सुरुवातलाई दर्शाउने उल्लेख गर्नुभयो। उहाँले यस पर्वलाई आध्यात्मिक चिन्तन, सांस्कृतिक परम्परा र प्रकृति प्रतिको कृतज्ञता प्रकट गर्ने समयको रूपमा परिभाषित गर्दै यसले मानव जाति र प्रकृतिबीचको सामञ्जस्यपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास पनि व्यक्त गर्नुभयो।

2.जोरथाङमा नवनिर्मित प्रशासनिक केन्द्र

"सिक्किमका राज्यपाल ओम प्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामङले आज संयुक्त रूपमा जोरथाङमा नवनिर्मित महकुमा प्रशासनिक केन्द्र (Sub-Divisional Administrative Centre) को औपचारिक उद्घाटन गर्नुभयो।"

"अत्याधुनिक सुविधाले सम्पन्न यो नयाँ भवनलाई नागरिक-मैत्री सेवा प्रवाह गर्ने लक्ष्यका साथ निर्माण गरिएको हो । यस भवनको संरचनामा प्रशासनिक कार्यका लागि आवश्यक पर्ने सबै आधुनिक पूर्वाधारहरू उपलब्ध गराइएको छ ।"
यसैगरी राज्यपाल श्री माथुरले आफ्नो जोरथाङ भ्रमणको दोस्रो दिन आज ७१औँ माघे संक्रान्ति मेलाको उद्घाटन समारोहमा गरिमामय उपस्थिति जनाउनुभयो ।

यस क्रममा राज्यपाल श्री माथुरले जोरथाङमा १५ औं सिक्किम "ग्रामीण हस्तशिल्पकार सामग्री बिक्री समाज" अर्थात् (SARAS - Sale of Articles of Rural Artisans Society) व्यापार मेलाको पनि औपचारिक उद्घाटन गर्नुभयो । उक्त समारोहमा सिक्किमका मुख्यमन्त्रीको विशेष उपस्थिति रहेको थियो ।

सरस व्यापार मेला भारत सरकारको ग्रामीण विकास मन्त्रालयको एक प्रमुख पहल हो, जसलाई दीनदयाल अन्त्योदय योजना–राष्ट्रिय ग्रामीण जीविकोपार्जन मिसन (DAY-NRLM) अन्तर्गत आयोजना गरिँदै आएको छ ।

साथै, राज्यपाल श्री माथुर र मुख्यमन्त्री श्री तामाङले क्षयरोग (TB) निवारण कार्यक्रम अन्तर्गत संयुक्त रूपमा हरियो झण्डा देखाएर नयाँ एम्बुलेन्स सेवाको पनि शुभारम्भ गर्नुभयो ।

स्वास्थ्य क्षेत्रमा थप सुधार ल्याउने क्रममा आज जोरथाङ सामुदायिक स्वास्थ्य केन्द्र (CHC) मा ७ शय्याको डायलासिस युनिट (7-bedded dialysis unit) को पनि उद्घाटन गरियो ।

## 3. 'सडक सुरक्षा शपथ'

माघे संक्रान्ति मेलाको पावन अवसरमा आज नाम्ची जिल्लामा सर्वसाधारणका लागि सडक सुरक्षा र जिम्मेवार प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले एक सचेतना कार्यक्रम आयोजना गरियो।

सो अवसरमा सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले उपस्थित सबैलाई 'सडक सुरक्षा शपथ' गराउनुभयो । साथै, राज्यपाल र मुख्यमन्त्री श्री प्रेमसिंह तामङले संयुक्त रूपमा झण्डा हल्लाएर मोटर साइकल ऱ्यालीको शुभारम्भ गर्नुभयो । यस पहलले जिम्मेवार ड्राइभिङ र पैदल यात्रीहरूको सुरक्षाको महत्त्वलाई जोड दिएको छ ।

## 4. नीति आयोग र कार्यशाला

सिक्किम सरकारले नीति आयोग (NITI Aayog) सँगको सहकार्यमा आज राजधानी गान्तोकमा "फ्रन्टियर स्टेट डेभलपमेन्ट, फोकस अन नर्थ इस्ट" (सीमान्त राज्यहरूको विकास, उत्तर-पूर्वमा केन्द्रित) विषयक एक महत्त्वपूर्ण कार्यशालाको आयोजना गर्यो ।

यस कार्यशालाको मुख्य उद्देश्य स्वास्थ्य, जीविकोपार्जन, सञ्चार (कनेक्टिभिटी) र सुरक्षालाई एकीकृत गर्दै सीमान्त क्षेत्रहरूको समग्र विकासका लागि रणनीतिहरू पहिचान गर्नु रहेको थियो। कार्यक्रममा उत्तर-पूर्वी राज्यहरूबीच प्राङ्गारिक (अर्गानिक) कृषि र हरित अर्थतन्त्रको सम्बन्धलाई सुदृढ बनाउने विषयमा गहन छलफल गरियो ।

साथै, अटल इनोभेसन मिसन (AIM) अन्तर्गत समावेशी उद्यमशीलतालाई प्रोत्साहन गर्न क्षेत्रीय नवप्रवर्तन सञ्जाल (Innovation Network) निर्माण गर्ने र सिक्किम, अरुणाचल प्रदेश, नागाल्याण्ड, मिजोरम, मणिपुर, मेघालय, असम र त्रिपुराका सफल विकास मोडलहरूलाई प्रदर्शन गर्दै अन्तर-राज्य सहकार्यका लागि साझा मञ्च तयार गर्ने लक्ष्य पनि यस कार्यशालाले राखेको छ ।

## 5. मुख्यमन्त्री गोल्ड कप

जोरेथाङ फुटबल स्टेडियममा जारी ११औँ अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल प्रतियोगिता २०२६ को सेमिफाइनलमा प्रवेश गरेको छ ।

आज दिउँसो सम्पन्न पहिलो क्वार्टरफाइनल खेलमा, आयोजक टोली रेड पान्डाले गत वर्षको उपविजेता चर्च ब्वाइज युनाइटेड, नेपाललाई २-० को गोल अन्तरले पराजित गर्दै प्रतियोगिताको अन्तिम चारमा आफ्नो स्थान सुरक्षित गरेको हो ।

भोलिको दोस्रो क्वार्टरफाइनल खेल सुदेवा दिल्ली फुटबल क्लब र सिङलिङ स्पोटिङ क्लब बीच खेलिनेछ ।

सिक्किम क्रिकेट संघका  सचिव रिन्जिङ नामग्याल भोटियालाई आज राजकोटमा खेलिने भारत र न्युजिल्याण्डबीचको दोस्रो एकदिवसीय (ODI) खेलका लागि भारतीय क्रिकेट नियन्त्रण बोर्ड (BCCI) ले 'म्याच अब्जर्भर' (Match Observer) नियुक्त गरेको छ । बीसीसीआईको तर्फबाट

यो महत्वपूर्ण जिम्मेवारी प्राप्त गर्नुभएको यो उहाँको दोस्रो अवसर हो । यसअघि उहाँले गत वर्ष चेन्नईमा सम्पन्न भारत र इङ्गल्याण्डबीचको टी-२० (T20) खेलमा पनि म्याच अब्जर्भरको भूमिका निभाउनुभएको थियो ।

सिक्किम क्रिकेट संघले श्री भोटियालाई यो गौरवपूर्ण उपलब्धिको लागि हार्दिक बधाई ज्ञापन गरेको छ । साथै, सिक्किम जस्तो उदीयमान राज्यका पदाधिकारीहरूलाई राष्ट्रिय स्तरमा पहिचान र अवसर प्रदान गरेकोमा संघले बीसीसीआई (BCCI) प्रति आभार प्रकट गरेको छ ।